**श्री**

**उपभोक्ता अदालत, काठमाडौं**

**इजलास**

**सदस्य श्री गेहेन्द्र राज रेग्मी**

**सदस्य श्री आनन्दराज पोखरेल**

**<u>फैसला</u>**

**मुद्दा नं. 081-CP-0010**

**फैसला मितिः 20८2।10।26**

**नि.नं. : 13**

**<u>मुद्दाः-क्षतिपूर्ति भराई पाऊँ।</u>**

खिल बहादुर गिरीको छोरा जिल्ला सिन्धुपाल्चोक साविक कदमवास गा.वि.स. वडा नं.२ को परिवर्तित चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.९ स्थायी घर भै हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ३ बस्ने दिपक राज गिरी..........................................................................................१ **वादी**

रमेश कुमार श्रेष्ठको छोरा जिल्ला ललितपुर साविक सैंबु गा.वि.स. वडा नं.४ स्थायी घर भै हाल काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिका वडा नं.११ बस्ने सिद्धान्त श्रेष्ठ..........................................................................................१

जगत बहादुर कार्कीको नाति खिल डिल्ली बहादुर कार्कीको छोरा जिल्ला भक्तपुर साविक गुण्डु गाउँ पञ्चायत वडा नं.४ को हाल परिवर्तित सुर्यविनायक नगरपालिका वडा नं.६ बस्ने दयाराम कार्की..........................................................१

**विरुद्ध**

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं.२ ब्यासी औद्योगिक क्षेत्रमा कार्यालय रहेको बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. (क.द.नं.१६४३/४०)........१ **प्रतिवादी**

जुभेन्द बहादुर गिरीको नाति ध्रुवराज गिरीको छोरा भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं.३ घलाते स्थित फ्रेन्डस् फरेभर ट्रेडिङ्ग प्रा.लि. का संचालक दिनेश गिरी...........१

**वादीको साक्षीः राम कुमार सोनार** **प्रतिवादीको साक्षीःX**

**कागजः** **कागजः**

**अदालतबाट बुझेको**

**साक्षी।कागजः**

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ र ५० बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

**तथ्य खण्डः-**

1. हामी फिरादीहरुले दिनेश गिरीले सञ्चालन गरेको भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं.३ घलाते स्थित फ्रेन्डस् फरेभर ट्रेडिङ्ग प्रा.लि. डिलरबाट फिरादी मध्ये दयाराम कार्कीले मिति २०८१/१/१९, दिपक राज गिरीले मिति २०७६/५/६ र सिद्धान्त श्रेष्ठले मिति २०७८/१२/१५ मा बर्जर कम्पनीको रङहरु ७ वर्ष, १० वर्ष वारेण्टी छ भनी खरिद गरेका थियौं। उक्त रङ घरमा लागाएको ६ देखि ८ महिनामा नै खुइलिएको हुँदा हामी फिरादीहरुले डिलर दिनेश गिरीलाई जानकारी गराएको थियौं। दिनेश गिरीले बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.को मेनेजरसँग सो विषयमा बारम्बार कुरा गरी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.का प्रतिनिधिहरु आई परीक्षण गरी केही महिनाभित्र मर्मत गरी रङ लगाउने वाचा गरेको

थिए। विपक्षीहरुले उत्पादन गरेको रङको बट्टा र वाल्टिनमा लेखिए बमोजिमको वारेण्टी नदिएको, उक्त विषयमा पुरै वेवास्ता गरेको, रंग खुइलिएको र घरमा रंग लगाउन खरिद गरेको रकम लगानीमा कम्पनीले दिएको वारेण्टी अनुसारको कार्य नभई हानी नोक्सानी क्षति भएको दावी सहित उजुरी दिएकोमा समेत विपक्षीहरुले वेवास्ता गरेको, वारेण्टी छ भनी हामी उपभोक्तालाई वारेण्टी पेपर नदिई सूचनाबाट मात्र जानकारी दिने गरेको तर वारेण्टी अनुसारको क्षतिपूर्ति मागदाबी गर्न जाँदा कुनै पनि किसिमको वारेण्टी छैन भन्ने जवाफ प्राप्त भएकोले हामी फिरादीहरु दिपक राज गिरी, दयाराम कार्की, सिद्धान्त श्रेष्ठले बिल अनुसार भुक्तान गरेको क्रमशः रु.१,१९,९४१।५९, रु.७,४५,८९४।३ र रु.३,४५,८४१।०२ अनुसारको जम्मा रु.१२,११,६७६।९१ रकम तथा भरी भराउ हुँदाको मितिसम्मको कान ून अनुसारको क्षतिपूर्ति वापतको रकम तथा प्रस्तुत मुद्दामा दर्ता गर्दा लागेका सम्प ूर्ण शुल्क समेत विपक्षीहरुबाट दिलाई भराइ पाउँ भन्ने व्यहोराको **फिराद दाबी।**

2. विपक्षी वादीहरुले मैले सञ्चालन गरेको फ्रेन्ड्स फरइभर ट्रेडिङ्ग प्रा.लि. नामक डिलरबाट बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा. लि.ले उत्पादन गरेको रङहरु खरिद गरेको व्यहोरा सत्य हो। विपक्षी वादीहरुको घरमा लागाएको रङ केही महिनामा नै खुइलिएको भनी मलाई जानकारी गराएको हुँदा मैले प्रस्तुत मुद्दाका अर्का प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.को मेनेजरसँग सो विषयमा कुरा गरेको थिएँ। उक्त विषयमा बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.का प्रतिनिधिहरु आई छानबिन समेत गरी निजहरुको रङमा कुनै डिफेक्ट नभएको भनी जानकारी गराएको हो। तर, फिरादी उपभोक्ताहरुले उक्त रङ कम गुणस्तरको भएको हुँदा खुईलिईएको भनी मलाई बारम्बार फोन गरी कलरको बट्टा तथा बाल्टिनमा लेखिए बमोजिम वारेण्टी दिनुपर्छ भनी मागदाबी गरेको अवस्था छ। विपक्षी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.को यस्तो कार्यले मेरो डिलर कम्पनीले ग्राहकलाई गुणस्तर िय सामान उपलब्ध गराउन नसकी पसल सञ्चालनमा समेत असर परिरहेको छ। मलाई विपक्षी वादीहरुले निवेदनसाथ उजुरी गरेको व्यहोरा सत्य हो तर मैले विपक्षी वादीहरुलाई वारेण्टी बमोजिम नोक्सानीको क्षतिपूर्ति भराई दिनुपर्ने होइन।

अर्को प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले मसँग मिति २०७५/१०/०७ मा सम्झौता गर्दा दफा १२ को उपदफा (१) मा दफा ६ अनुसार दोस्रो पक्षले सामान बुझिसकेपछि "जुन उद्देश्यका लागि सामान व्यापारिक गुणस्तरयुक्त रहेको मानिने छ। दोस्रो पक्षले समान बुझिलिई भरपाई गरिसकेपछि सामान कमसल गुणस्तरको रहेको भनी प्रथम पक्ष समक्ष कुनै दाबी गर्न पाउने छैन। प्रथम पक्षले उत्पादन गरेको सामानमा कुनै पनि किसिमको वारेण्टी हुने छैन"। ऐ. को उपदफा (३) मा "प्रथम पक्षले उत्पादन गरेका सामानहरुको बजार प्रवर्द्धनको लागि वा बिक्री गर्ने कममा वा अन्य कुनै उद्देश्यका लागि दोस्रो पक्षले लेखेर वा बोलेर वा अन्य जुनसुकै व्यहोराले जुनसुकै माध्यमबाट कसैलाई कुनै गलत, झुठ्ठा वा भ्रमपूर्ण सूचना, विवरण वा जानकारी उपलब्ध गराउन, गर्न लगाउन पाउने छैन। दोस्रो पक्षले कसैलाई गलत, झुठ्ठा वा भ्रमपूर्ण सूचना, विवरण वा जानकारी उपलब्ध गराउन, गर्न लगाउन पाउने छैन। दोस्रो पक्षले कसैलाई गलत, झुठ्ठा वा भ्रमपूर्ण सूचना, जानकारी दिएका कारणबाट उत्पन्न भएको दायित्वप्रति प्रथम पक्ष कुनै हालतमा जिम्मेवार हुने छैन" भनी उल्लेख गरिएकोमा निज अर्को प्रतिवादी आफैंले उत्पादन गरेको सामान (रङको बट्टा) मा वारेण्टी छ भनी उपभोक्तालाई सूचना जानकारी दिने गरेको छ।

प्रतिवादी बर्जर कम्पनीले म डिलरलाई सम्झौतामा कुनै पनि किसिमको वारेण्टी नहुने भनी स्पष्ट सम्झौता गराउने र निज आफैंले उत्पादन गरी तयार पारेको सामान बजारमा उपलब्ध गराउँदा रङमा वारेण्टी छ भनी बट्टामा समेत विज्ञापन गराउने गरेको हुँदा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ७ को उपदफा (१) को खण्ड (ङ) (च) (छ) विपरीतको कार्य प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले गरेकोले वादी उपभोक्ताहरुलाई गुणस्तरको रङ उपलब्ध गराउने र क्षतिपूर्ति समेत दिने दायित्त्व प्रतिवादी उत्पादक बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.को रहन्छ। म दिनेश गिरीले डिलरको रुपमा बर्जर कम्पनीले उत्पादन गरेको सामानको बिक्री वितरण गर्ने गरेको तथा प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले मसँग कुनै पनि सामानहरुमा वारेण्टी तथा ग्यारेन्टी हुने छैन भनी सम्झौता गरेको हुँदा प्रतिवादी म दिनेश गिरीले विपक्षी वादीहरुको नोक्सानको

क्षतिपूर्ति भराउनुपर्ने नभएकोले मेरो हकमा फिराद दाबी खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी दिनेश गिरीको **प्रतिउत्तर जिकिर।**

3. प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.का नामको म्याद 2082।8।9 मा तामेल भई प्रतिउत्तर नफिराई म्याद गुजारेको।

4. **मिति 2082।9।13 को आदेशः**

यसमा देहायका कार्यहरु ७ (सात) दिन भित्र सम्पन्न गरी नियमानुसार पेस गर्नु ।

(क) रङ खुइलिएको स्पष्ट देखिने प्रमाण (रंगिन तस्विर र भिडियो) तथा सो को विद्युतीय प्रति समेत वादी पक्षबाट झिकाउनू।

(ख) उपलब्ध भएसम्म वादीहरुले उपभोग गरेको रङका बाल्टिन तथा बट्टाहरु वादी पक्षबाट झिकाउनू।

(ग) फिरादमा उल्लेख भएका प्रकृति/ब्याचका सिल नखोलिएका बट्टा/वाल्टिनहरु १-१ सेट नमुना विपक्षी बिक्रेताबाट झिकाउनू ।

(घ) विपक्षी बिक्रेताले विपक्षी उत्पादक कम्पनीसँग उल्लेखित ब्याचको रङ खरिद गर्दा तयार भएको बिल बिजक बिक्रेताबाट झिकाउनू ।

(ङ) वारेण्टी उल्लेख गरी तयार गरिएका विज्ञापनका तस्विर तथा भिडियोहरु उपलब्ध भए वादी पक्षबाट झिकाउनू।

(च) विपक्षी बिक्रेता र विपक्षी उत्पादक कम्पनीबिच क्षतिपूर्ति सम्बन्धमा कुनै Claim वा दाबी विरोध गरेका कागजातहरु भए सो कागजातहरु समेत विपक्षी बिक्रेताबाट झिकाउनू ।

(छ) वादी तथा प्रतिवादीका साक्षीहरु निजै मार्फत झिकाइ बकपत्र गराउनू।

5. **वादी दिपकराज गिरी समेतका साक्षी रामकुमार सोनारले गरेको बकपत्रः** वादीहरुले कलर गरेको ३/४ महिनामा नै खुइलिएको देखेको थिएँ। ग्यारेण्टीको कलर किनेर लगेको र घरमा रङ लगाएकै हो। रङ लगाएको केही महिनापछि खुइलिएर गएको मैले देखेको हो। ७ देखि १० वर्ष ग्यारेण्टी कलर केही महिनामा नै खुईलिएर गएपछि रङ प्रयोग गर्ने वादीहरुलाई क्षति भएको हुँदा प्रस्तुत मुद्दाका वादीहरुले क्षतिपूर्ति पाउनु पर्छ।

6. मिति 2082।9।13 को आदेश बमोजिमका प्रमाण तथा कागजहरु सम्बन्धित पक्षबाट पेस भई मिसिल सामेल रहेकोछ।

**ठहर खण्डः-**

7. नियमानुसार पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरिबहादुर कार्कीले वादीहरुले प्रतिवादी कम्पनीले उत्पादन गरेको रङहरु प्रतिवादी डिलरबाट खरिद गरी घरमा प्रयोग गर्नु भएको हो। रङको बट्टामा लेखिएको वारेण्टी अवधिभित्रै रंग लगाएको ३ देखि ६ महिनामा रङ खुइलिई पुनः रङ लगाउनु पर्ने अवस्था छ। सुरुवातमा कम्पनीको तर्फबाट मर्मत कार्य सम्पन्न गरी भुक्तानी फरफारक गर्ने सहमति भएतापनि कुनै काम नगरी कम्पनीले बेवास्ता गरेकोले वादीहरुले कमसल र कम गुणस्तरको रंग भएकोले रंग लिंदाको बाँकी रहेको भुक्तानी नगर्ने जनाउ दिइ डिलर मार्फत क्षतिपूर्ति मागदावी गरेकोमा प्रतिवादीहरुले सो रङ प्रयोगपश्चात भएको हानि नोक्सानी वापतको क्षतिपूर्ति दिन कुनै पनि पक्ष तयार नभएको अवस्था छ। उत्पादक कम्पनीले वर्जरको रंग Weather Coat All Guard हो, घरको बाहिरी भागमा ७-१० वर्षसम्म राम्ररी चल्छ भनी विज्ञापन गरेको तर सो अनुसार हुन नसक्दा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमको दायित्व व्यहोर्न तयार नभएको हुँदा उपभोक्ताले व्यहोर्नु परेको हानि नोक्सानी बापत प्रतिवादीहरुबाट फिराद दावी बमोजिमको क्षतिपूर्ति दिलाई पाउँ भनी बहस गर्नु भयो।

8. प्रतिवादी फ्रेण्डस् फरइभर ट्रेडिङ्ग प्रा.लि.का प्रोप्राइटर दिनेश गिरी स्वयं इजलास समक्ष उपस्थित भई फिरादीहरुको समस्यामा कम्पनीसंग समन्वय तथा सहजीकरण गर्ने कार्य गरेतापनि कम्पनीको उदासिनताले गर्दा निजहरुको समस्याको पूर्ण सुनुवाई हुन नसकेको हो। कम्पनीबाट उत्पादित रङ नै आफूले वादीहरुलाई बिक्री गरेको र त्यही रङ वादीहरुले प्रयोग गर्दा खुइलिएको हुँदा फिराद दाबी बमोजिमको क्षतिपूर्ति आफूले दिनु पर्ने नभई उत्पादनकर्ता कम्पनीले दिनु पर्ने हो भनी आफ्नो भनाई व्यक्त गर्नु भयो।

9. वादीतर्फका विद्वान कानून व्यवसायीले गर्नुभएको बहस जिकिर तथा प्रतिवादी दिनेश गिरीले इजलास समक्ष राख्नु भएको तथ्य सुनी मिसिल समेत अध्ययन गरियो।

प्रस्तुत मुद्दामा वादी\प्रतिवादीको दावी अनुसार रंग विक्रीको चरणमा पूर्ण भुक्तानी नहुँदै उत्पादक वा विक्रेताको पूर्ण दायित्व सिर्जना हुने हो, होइन? वादीदावी बमोजिम प्रतिवादी उत्पादकले रंगका वट्टा, वाल्टिन वा आमसञ्चार माध्यममा वर्जर रंगको वारेण्टी सम्बन्धी विज्ञापन गरेको हो, होइन? विक्री वितरणमा ल्याइने वस्तुको वारेण्टीका शर्तहरु विज्ञापनमा गरिएको प्रचार मार्फत सर्वसाधारण समक्ष गरिएको सार्वजनिक मनसाय विपरित हुन मिल्ने हो होइन? घरमा रंग प्रयोगको विधि र कामदारको सीप अनुगमनको दायित्व कसको हो? उत्पादक कम्पनीले आफूले सिर्जना गरेको दायित्व व्यापारिक करार मार्फत डिलरमा सार्ने वा दायित्वबाट उन्मुक्ति पाउने हो, होइन? समग्रमा उपभोक्तालाई क्षति पुगेको हो होइन? हो भने दावी बमोजिमको रकम दिलाई भराई दिनुपर्ने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

10. निर्णयतर्फ विचार गर्दा, फिरादी मध्ये दयाराम कार्कीले मिति २०८१/१/१९, दिपक राज गिरीले मिति २०७६/५/६ र सिद्धान्त श्रेष्ठले मिति २०७८/१२/१५ मा बर्जर कम्पनीको रङहरु खरिद गरी घरमा प्रयोग गरेको तथ्यमा विवाद रहेको देखिंदैन। मिसिल संलग्न तस्वीर तथा भिडियो हेर्दा वादी दावी बमोजिम वादीहरुको घरको बाहिर लगाएको रंग खुइलिई दाग धब्बाहरु देखिएको अवस्था छ। सो तथ्यलाई पुष्टि हुने गरी वादीका साक्षी राम कुमार सोनारले यस अदालतमा आई बकपत्र गर्दा वादीहरुले कलर गरेको ३/४ महिनामा नै खुइलिएको देखेको भनी खुलाएको देखिन्छ। सो हुँदा वादीहरुले प्रतिवादीहरुबाट उत्पादन तथा बिक्री गरिएको रंग खरिद गरी घरमा लगाएको केही समयपछि नै खुइलिएको भन्ने तथ्य पुष्टि भएको देखिन्छ।

11. यस मुद्दामा वादी\प्रतिवादीको दावी अनुसार रंग बिक्रीको चरणमा पूर्ण भुक्तानी नहुँदै उत्पादक वा विक्रेताको पूर्ण दायित्व सिर्जना हुने हो, होइन? भन्ने तर्फ विचार गर्दा प्रतिवादी दयाराम कार्कीले इन्भोइस नं. ५१३ बाट रु.१,४५,८९४।३ को रंगहरु, प्रतिवादी दिपकराज गिरीले इन्भोइस नं. ६१ बाट रु. १,१९,९४१।५९ को रंगहरु, प्रतिवादी सिद्धान्त श्रेष्ठले इन्भोइस नं. ३१० बाट रु. ३,४५,८४१।०२ को रंगहरु खरिद गरेको देखिन्छ। संलग्न बिल बमोजिम खरिद बिक्री भएको पुष्टि हुँदा सो वापत प्रतिवादीहरुले तिर्न बुझाउन बाँकी रहेको भएतापनि सो विषयले उपभोक्ता-विक्रेता सम्बन्ध सिर्जना हुन गएको तथ्यलाई नकार्न मिल्दैन। उपभोक्ताको नाममा बिल

जारी भई वस्तु वा सेवा आदानप्रदान भएपश्चात नगद, डिजिटल भुक्तानी, चेक भुक्तानी, उधारो, हिसाब मिलान वा अन्य जुनसुकै विधिबाट भुक्तानी राफसाफ भएको वा भुक्तानी हुन बाँकी रहेको अवस्थामा समेत उपभोक्ता-विक्रेता सम्बन्ध सिर्जना हुन जाने तथ्य निर्विवाद छ। नेपालको बजार प्रणालीमा ठूलो मात्रामा उधारो कारोवार हुने, कतिपय अवस्थामा बिलसमेत जारी नगरी कारोवार हुने, इष्टिमेट बिल जारी गरी कारोवार हुने गरेको व्यवहार समेत हेर्दा उपभोक्ता-विक्रेता सम्बन्ध र दायित्वहरुको सिर्जना बढी व्यवहारवादी हुनजाने देखिन्छ। यस मुद्दामा बिलविजक जारी गरी कर मूल्याङ्कन सहितको कारोवार भएको देखिँदा भुक्तानी बाँकी रहन गएको कुराले उत्पादक र विक्रेताको दायित्वबाट उन्मुक्ति मिल्ने अवस्था देखिएन।

12. वादी दावी बमोजिम प्रतिवादी उत्पादकले रंगका बट्टा, वाल्टिन वा आमसञ्चार माध्यममा वर्जर रंगको वारेण्टी सम्बन्धी विज्ञापन गरेको हो, होइन ? भन्ने प्रश्न तर्फ विचार गर्दा वादीले पेश गरेको बर्जर: वेदरकोट अलगार्ड नामक रंगको वट्टामा "Exterior Wall Paint, Silicon Enhanced", "Weathercoat: Long Life Exterior Emulsion with PU" भनी लेखिएको देखिँदा यी रंगहरुलाई घरको बाहिरी भागमा उपयोग गर्न मिल्नेगरी उत्पादन गरिएको देखिन्छ। कुनै वट्टामा "Warranty (7 years) Warranty" भनी लोगो राखिएको तथा कुनैमा "Warranty (10 years) Warranty" भनी लेखिएको समेत देखियो। प्रतिवादी विक्रेताले इजलास समक्ष पेश गरेका रंगका वट्टाहरुमा समेत सोही बमोजिमका व्यहोराहरु रहेको देखियो। कम्पनीद्वारा गरिएका अनलाइन विज्ञापनहरुमा समेत Weather Coat All Guard को लागि 7 Years Warranty भनी सामाजिक सञ्जालहरुमा प्रचार गरेको[1] देखिन्छ। त्यस्तै, Weathercoat Longlife: Exterior Emulsion with PU भन्ने ब्राण्डमा Repels Heavy Rain, Guarantee of 10 Years भनी आम सञ्चारमाध्यम मार्फत प्रचार गरेको[2] देखिंदा कम्पनीले ७ देखि १० वर्षको वारेण्टी दिने विज्ञापन गरेको देखियो। विज्ञापन वा प्रचार प्रसार गर्दा वारेण्टीका शर्तहरु उल्लेख गरेको नभएतापनि इजलास समक्ष पेश भएको उपभोक्ता सिद्धान्त श्रेष्ठका लागि जारी गरिएको "वारेण्टी सर्टिफिकेट" मा "Warranty is given on a

---

[1] https://www.facebook.com/BergerPaintsNepal/posts/rain-ready-shine-steadyberger-weathercoat-all-guard-keeps-your-walls-looking-fre/735393599124585/. Accessed on 22nd March 2026.

[2] https://www.sharesansar.com/newsdetail/berger-launches-berger-weathercoat-long-life-exterior-paint-provides-warrantee-of-10-years-against-rain-and-sunshine. Accessed on 22nd March 2026.

minimum purchase of 40 liters of Weather Coat All Guard" भनी शर्त राखेको देखिन्छ। सिद्धान्त श्रेष्ठले खरिद गरेको बिलमा ६० लिटर Weather Coat All Guard खरिद गरेको भनी बिल जारी भएको अवस्था देखियो। अन्य वादीको हकमा वारेण्टी सर्टिफिकेट पेश भएको देखिएन। रंगको विज्ञापन गर्दा र विक्रीका लागि बजारमा पठाउँदा प्रत्येक वट्टामा वारेण्टी भएको भनी प्रचार गर्ने तर वारेण्टी सर्टिफिकेट जारी गर्न न्यूनतम ४० लिटर लिनुपर्ने भनी शर्त तोक्ने कार्य तर्कसंगत मान्न सकिएन।

**13.** विक्री वितरणमा ल्याइने वस्तुको वारेण्टीका शर्तहरु विज्ञापनमा गरिएको प्रचार मार्फत सर्वसाधारण समक्ष गरिएको सार्वजनिक मनसाय विपरित हुन मिल्ने हो होइन ? भन्ने सन्दर्भमा हेर्दा, सार्वजनिक प्रचार वा विज्ञापनमा जनसमक्ष ७ वर्ष वा १० वर्ष 'वारेण्टी हुने' भनी प्रचार गरेर उपभोक्तालाई खरिद गर्न उत्सुक बनाउने तर खरिदका लागि भुक्तानी भएपश्चात जारी हुने बिलविजक वा वारेण्टी सर्टिफिकेटमा सार्वजनिक गरिएको विज्ञापित मनसाय वा प्रतिज्ञा विपरित वारेण्टी सर्टिफिकेटमा सारभुत रुपमा प्रभावग्राही हुने गरी शर्त राख्नु उचित मान्न सकिएन। वादी सिद्धान्त श्रेष्ठको लागि जारी गरिएको वारेण्टी सर्टिफिकेटमा Warranty Limit तोकी Limit of paint to be reimbursed भनी पहिलो वर्षमा ९०%, दोस्रो वर्षमा ८०% हुँदै सातौं वर्षमा १०% वारेण्टी वापतको खर्च व्यहोरिने सीमा राखिएको पाइयो। त्यसरी सार्वजनिक विज्ञापन, रंगको वट्टामा गरिएको वारेण्टी लेवलिङ विपरित सर्टिफिकेटमा वारेण्टीको सीमा राखी दायित्व प्रतिवर्ष घटाउँदै लैजानेगरी वारेण्टीका शर्त तोक्ने कार्य उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६(२)(छ) बमोजिम उत्पादकले लेबल लगाउनु पर्ने र ऐ. ७(१)(छ) बमोजिम वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने भन्ने दायित्व पूरा गरेको देखिएन।

**14.** प्रतिवादी फ्रेन्ड्स फरइभर ट्रेडिङ्ग प्रा.लि.को तर्फबाट पेश भएको उत्पादक र डिलर बिचको डिलरसिप सम्झौता-पत्र अध्ययन गर्दा उत्पादक कम्पनीले आफूले सिर्जना गरेको दायित्व व्यापारिक करार मार्फत डिलरमा सार्ने वा दायित्वबाट उन्मुक्ति पाउने हो, होइन? भन्ने प्रश्न तर्फ समेत विचार गर्नुपर्ने अवस्था देखियो। प्रथम पक्ष बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. रहेको र दोस्रो पक्ष दिनेश गिरी, फ्रेण्डस फरइभर ट्रेडिङ प्रा.लि. रहेको उक्त सम्झौता-पत्रको दफा १२(१) मा "दफा ६ अनुसार

दोस्रो पक्षले सामान बुझिसकेपछि जुन उद्देश्यका लागि सामान व्यापारिक गुणस्तरयुक्त रहेको मानिने छ, दोस्रो पक्षले सामान बुझिलिई भरपाइ गरिसकेपछि सामान कमसल गुणस्तरको रहेको भनी प्रथम पक्ष समक्ष कुनै दावी गर्न पाउने छैन। प्रथम पक्षले उत्पादन गरेको सामानमा कुनै पनि किसिमको वारेण्टी हुने छैन" भनी लेखिएको छ। उत्पादकले डिलरसिप लिन खोज्ने फ्रेन्डस् फरइभर ट्रेडिङ्ग प्रा.लि. दोस्रो पक्षलाई सामान बुझाएपश्चात उक्त सामान गुणस्तरयुक्त मानिने, दोस्रो पक्षले कमसल गुणस्तरको रहेको भनी दावी लिन नपाउने तथा कुनैपनि किसिमको वारेण्टी नहुने भनी सम्झौता गराएको कुरा मुलुकी देवानी संहिता, २०७४ को दफा ५५१ को व्यवस्था र उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६(२)(छ), दफा ७(१) को (ख),(ग) र (छ) को व्यवस्था विपरित देखिन्छ।

15. बिक्री हुने वस्तु सामान्यत: सन्तोषप्रद गुणस्तरयुक्त (सेटिस्फेक्टोरी क्वालिटी) रहेको मानिने र 'सामान्य गुणस्तरयुक्त' मानिएको वस्तुलाई 'खास गुणस्तरयुक्त' भनी विक्रेताले वारेण्टी दिएको नमानिने भन्ने मुलुकी देवानी संहिता, २०७४ को ऐ. दफाको व्यवस्था हो। मुलुकी देवानी संहिता, २०७४ ले स्थापित गरेको मान्यता विपरित सार्वजनिक विज्ञापन र वट्टाको लेवलमा ७ देखि १० वर्षसम्म वारेण्टी दिन्छु, Weather Coat All Guard हो, Weathercoat Longlife हो, Repels Heavy Rain भनी खास गुणस्तरयुक्त वस्तुको रुपमा प्रचार प्रसार गरिएको सामाग्रीमा डिलरसँग सम्झौता गर्दा आफ्नो उत्पादनमा "कुनैपनि किसिमको वारेण्टी हुने छैन" भनी सामान्य गुणस्तरयुक्त वस्तुमा जस्तै सम्झौताको शर्तहरुमा लिएको दावी कानूनसंगत मान्न सकिएन। कानून बमोजिम आफूले लिनु पर्ने जिम्मेवारीलाई करार गरी अर्को पक्षमा सार्नु तर्कसंगत र न्यायोचित हुन सक्दैन। सो हुँदा उत्पादक कम्पनीले आफूले सिर्जना गरेको 'खास गुणस्तरयुक्त' वस्तुको दायित्व व्यापारिक करार मार्फत डिलरमा सार्ने वा उन्मुक्ति लिने गरी गरेको करारबाट उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ७(१)(च) बमोजिम उपभोक्तालाई क्षतिपूर्ति दिने दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहँदैन।

16. अब, घरमा रंग प्रयोगको विधि र कामदारको सीप अनुगमनको दायित्व कसको हो ? भन्ने सम्बन्धमा विचार गर्दा, वारेण्टी सर्टिफिकेटमा "In order to make the warranty effective, please ensure strict compliance with the application procedure laid out on

the… of the paint." भनी लेखिएको छ। अर्कोतर्फ, वारेण्टीको दावी आएमा "The Company may, at its own discretion, appoint its representative to inspect and validate the complaint" भनी दावी लिएको छ। रंगको प्रयोग गर्दा उपभोक्ताले पूर्ण जिम्मेवारी लिनुपर्ने तर त्यसमा कुनै कमजोरी देखियो भनी गुनासो गर्दा कम्पनीले आफ्नो प्रतिनिधीले inspect and validate गर्ने भन्ने वारेण्टी सर्टिफिकेटका शर्तहरु करारमा हुनुपर्ने समानताको सिद्धान्त विपरित देखिन्छ। वारेण्टीको शर्तमा रहेका वारेण्टी लागू नहुने अवस्थाहरु जस्तै: Water seepage of dampness of the wall; Application error, surface incompatibilities or improper surface preparation; Use or inclusion of any pigment, additives, chemicals or paint not recommended by The Company; Use or inclusion of any undercoats which are not manufactured by Berger Jenson & Nicholson (Nepal) Pvt. Ltd. को पालना भए नभएको सम्बन्धमा रंगको उपयोग गर्दाको अवस्थामा नै निगरानी गर्नुपर्ने दायित्वबाट प्रतिवादी उत्पादक तथा डिलर कम्पनीले उन्मुक्ति पाउन सक्दैन। उपयोग गर्दाको शर्त पालना भए नभएको जानकारी नराख्ने प्रतिवादीहरुले के को आधारमा आफूले प्रत्याभूत गरेको वारेण्टी सेवा प्रदान गर्ने हुन भन्ने प्रश्न सिर्जना हुन्छ। विज्ञापित सार्वजनिक मनसाय बमोजिमको वस्तु र वारेण्टी सेवा प्रदान गर्ने वाचा गरेको उत्पादक वा डिलरले बिक्रीपश्चात उपयोगका क्रममा अनुगमन गर्ने दायित्वबाट पन्छिएर पछि हुन सक्ने गुनासाहरुको हकमा मात्र Inspection and Validation को कार्य गर्छु भन्नु करार दायित्वको एकपक्षीय व्याख्या हुन जान्छ।

17. रंगको उपयोग गर्दा भवन, भित्ताको सर्फेस, ओस आदिको वस्तुस्थिति परीक्षण गर्ने; रंगको मिश्रण वा उपयोग तरिकामा गुणस्तरीयता सुनिश्चित गराउने र कामदारको सीप वा कामको निगरानी, सीपयुक्त कामदारको सिफारिश गर्ने गराउने कुरा वारेण्टी सेवा दिन्छु भनी विज्ञापन गर्ने उत्पादक र त्यस्तो वस्तु बिक्री गर्छु भनी डिलरसिप लिने दुवै पक्षको दायित्व हुन जान्छ। आपूर्ति चक्र (Supply Chain) का पक्षहरु बिचको सम्झौतामा दायित्वहरुको कानून बमोजिमको स्पष्ट वितरण र पर दायित्व (Vicarious Liability) का स्पष्ट आधारहरु समेत तोकिनुपर्ने मान्यता दुष्कृति कानूनमा रहिआएकोछ। आधिकारिक बिक्रेताले बिक्री गर्दा भवनको परीक्षण, रंगको मिश्रण वा रंगको उपयोग गर्ने तरिकामा निगरानी गर्ने दायित्वमा होस नपुऱ्याएको कारण हानि हुन गएमा त्यस्तो हानिको पर दायित्व (Vicarious Liability) त्यस्तो

आधिकारिकता दिने प्रतिवादी उत्पादक कम्पनी बर्जस जेन्सन एण्ड निकोल्सन (नेपाल) ले लिनुपर्ने हुन्छ। त्यस्तै, उत्पादकले सामान्य गुणस्तरको वस्तुलाई खास गुणस्तरयुक्त वस्तु भनी प्रचार गरी बिक्री गर्न सघाएको वा वारेण्टी सेवा अन्तर्गत सीपयुक्त जनशक्तिको निगरानीमा रंगको उपयोग गर्न, गराउन पहल गरेको पनि देखिएन। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ११ को देहाय (ङ) मा "वस्तुमा कुनै किसिमको ग्यारेण्टी वा वारेण्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्थाको पालना गर्ने" भन्ने कानूनी व्यवस्था बमोजिम यी बिक्रेता प्रतिवादीले उपभोक्ता वादीहरुलाई आवश्यक समन्वय गरी रंगको वारेण्टी सम्बन्धी व्यवस्थाको पालना गरेको अवस्था देखिएन। यस अवस्थामा बिक्रेता प्रतिवादी डिलर फ्रेन्ड्स फरइभरले समेत सिर्जना हुन जाने दायित्व (Liability) बाट उन्मुक्ति पाउन सक्ने अवस्था देखिंदैन।

**18.** तसर्थ, प्रतिवादीहरूले आफ्नो दायित्व पूरा नगरी वादीहरुलाई हानि नोक्सानी पुऱ्याएको देखिंदा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ७(१)(च) तथा दफा ११ बमोजिम प्रतिवादी मध्ये बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले रु.१२,१४,५००/- (बाह्रलाख चौध हजार पाँच सय) र अर्का बिक्रेता प्रतिवादी फ्रेण्ड्स फरइभर ट्रेडिङ प्रा.लि. का सञ्चालक दिनेश गिरीले रु. ६3,९००/- (त्रिसहठी हजार नौ सय) गरी जम्मा रु.१२,7८,४००/- (बाह्र लाख अठहत्तर हजार चार सय मात्र) क्षतिपूर्ति वापत वादीहरूले प्रतिवादीहरूबाट भराई पाउने देखिएकोले वादीहरुले घरको बाहिरी भागमा लगाइएको रंगको हकमा खरिद गरेको बिलका आधारमा वादीहरू मध्ये दिपकराज गिरीले रु.३,४६,१००/- (तीन लाख छयालिस हजार एक सय रुपैयाँ), सिद्धान्त श्रेष्ठले रु.६,३४,८००/- (छ लाख चौंतिस हजार आठ सय रुपैयाँ) र दयाराम कार्कीले रु. २,९७,५००/- (दुई लाख सन्तानब्बे हजार पाँच सय रुपैयाँ) प्रतिवादीहरुबाट तिर्नुपर्ने दायित्वको आधारमा दामासाहीले क्षतिपूर्ति बापत भराई पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भए बमोजिमको लगत मुलुकी देवानी कार्यविधि संहिता, 2074 को दफा 229(1) बमोजिम तयार गरी उत्पादक प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.बाट रु.१२,१४,५००/- (बाह्रलाख चौध हजार पाँच सय) र बिक्रेता प्रतिवादी

फ्रेण्ड्स फरइभर ट्रेडिङ प्रा.लि. का सञ्चालक दिनेश गिरीबाट रु. ६3,९००/- (त्रिसहठी हजार नौ सय) गरी जम्मा रु.१२,7८,४००/- (बाह्र लाख अठहत्तर हजार चार सय मात्र) क्षतिपूर्ति वापत वादीहरू मध्ये दिपकराज गिरीले रु.३,४६,१००/- (तीन लाख छयालिस हजार एक सय रुपैयाँ), सिद्धान्त श्रेष्ठले रु.६,३४,८००/- (छ लाख चौंतिस हजार आठ सय रुपैयाँ) र दयाराम कार्कीले रु. २,९७,५००/- (दुई लाख सन्तानब्बे हजार पाँच सय रुपैयाँ) क्षतिपूर्ति पाउने भएकोले तोकिएको क्षतिपूर्तिका आधारमा दामासाहीले प्रतिवादीहरूबाट कानून बमोजिम दिलाई भराई दिनु भनी भक्तपुर जिल्ला अदालत तहसिल शाखालाई लगत दिई उपस्थित पक्षलाई सोही संहिताको दफा 235 बमोजिम फैसला कार्यान्वयनको लागि तहसिल शाखामा तारिख तोकी पठाइदिनू-----------------------------------------------------1

प्रतिवादी बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले सुरु म्याद गुजारी बसेकाले निजलाई पुनरावेदनको म्याद दिनु परेन, प्रतिवादी दिनेश गिरीलाई प्रस्तुत फैसलामा चित्त नबुझे 30 दिनभित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद दिनू---२

यो फैसला विद्युतीय प्रणालीमा प्रविष्ठ भएपछि प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू --------------------------------------------३

सदस्य सदस्य

<u>**फैसला तयार गर्न सहयोग पुर्‍याउनेः-**</u>

इजलास अधिकृत- होमनाथ कंडेल

**इति सम्वत 20८2 साल माघ 2६ गते रोज २ शुभम्-------------------------------।**

**फैसला प्रमाणीकरण मिति २०८२।१२।०९**